बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

## महिला उद्यमी तथा महिला उद्यमी सुमहलाई प्रविधि सहयोग उपलब्ध गराउने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८२/०९/२३ गते बुधबार)

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको चालू आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय महिला सशक्तीकरण परियोजना अन्तर्गत यस प्रदेशबाट **बाह्र जना महिला उद्यमीहरू र एक महिला उद्यमी समूहलाई** प्रविधि सयहोग उपलब्ध गराउने कार्यक्रम रहेको छ । **महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** को दफा ४ बमोजिम इच्छुक महिला उद्यमी र महिला उद्यमी समूहहरूले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन (मिति २०८२।१०।०७ गते) भित्र प्रविधि सहयोगका लागि सम्बन्धित स्थानीय तहमा आवश्यक कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**महिला उद्यमी र महिला उद्यमी समूहले उक्त कार्यविधिको अनुसूची १ को ढाँचा बमोजिमको निवेदन साथ पेस गर्नुपर्ने कागजातहरु:**

(१) उद्योग/व्यवसाय दर्ता वा नवीकरणको प्रमाणपत्र

(२) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र

(३) कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्र

(४) आवश्यकता अनुसार व्यावसायिक इजाजतपत्र

(५) व्यावसायिक योजना

(६) माग गरेको प्रविधि र सो प्रविधिको क्षमता ।

सम्बन्धित स्थानीय तहले प्रविधि सहयोग माग गरी दिएका निवेदनहरू साथ संलग्न कागजातहरुको आधारमा कार्यविधिको दफा ७ बमोजिम एक जना महिला उद्यमी र एक महिला उद्यमी समूह छनोट गरी निवेदन दिने म्याद समाप्त भएको मितिले १५ दिन (मिति २०८२।१०।२२ गते) भित्र यस मन्त्रालयमा सिफारिस गरी पठाउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।साथै **महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** मन्त्रालयको वेभसाइट www.mosd bagamati.gov.np मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

नोटः

१. ११९ वटै स्थानीय तहले यसै सूचनालाई आधार मानी उल्लिखित कार्यविधि बमोजिम कार्य सञ्चालन गर्न गराउनुहुन अनुरोध गरिन्छ । एक स्थानीय तहबाट दुई वा सो भन्दा बढी महिला उद्यमी वा महिला उद्यमी समूह सिफारिस गरी पठाइएमा र सूचनाको समयावधि समाप्ति भइसकेपछि सिफारिस गरी पठाइएमा उक्त निवेदनहरूलाई मूल्याङ्कनमा समावेश नगरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

२. छनोट भएका उद्यमी वा उद्यमी समूहसँग यस मन्त्रालयले सम्झौता गरी सो बमोजिम प्रविधि खरिद गरे पश्चात देहाय बमोजिमको अनुदान रकम शोधभर्नाको रूपमा उपलब्ध गराइनेछ ।

३. मन्त्रालयबाट प्रविधि सहयोगका लागि छनोट भएका तथा अनुदान प्राप्त गरिसकेका महिला उद्यमी तथा उद्यमी समूहलाई यस कार्यक्रममा समावेश गरिने छैन ।

| क्र.सं. | विवरण | अनुदान रकम रु. |
|---|---|---|
| १ | प्रति महिला उद्यमी | २,००,०००/- |
| २ | महिला उद्यमी समूह | ४,००,०००/- |

अमृत अधिकारी
अधिकृतस्तर नवौं

फोन नं.: ०५७-५२४८३५, ०५७-५२४८३६, ०५७-५२३८५७, ०५७-५२७७९८ र ०५७-५२३१७९
इमेलः mosd@bagamati.gov.np, वेबसाइटःmosd.bagamati.gov.np